# त्रिवेणी गाउँपालिका उपाध्यक्ष
# श्री लेखमणी डाँगीद्वारा गाउँ सभाको
# १८ औं बैठकमा प्रस्तुत आ.व. २०८२/०८३ को
# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका

रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

२०८२ असार १०

# बजेट वक्तव्य

**गाउँ सभाका अध्यक्षज्यू,**

**तथा गाउँसभाका सदस्यज्यूहरु,**

आज त्रिवेणी गाउँपालिका, रोल्पाको गरिमामय गाउँसभाको अठारौं अधिवेशनको अवसरमा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु । यस ऐतिहासिक अवसरमा गाउँ सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, कर्मचारी, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन गर्न चाहन्छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र जनताको अधिकार प्राप्तीका लागि भएका विभिन्न आन्दोलनमा शहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात शहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । ती आन्दोलनमा आ-आफ्नो ठाउँबाट योगदान दिनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक सम्मान व्यक्त गर्दछु ।

स्थानीय सरकारको नीति, बजेट तथा कार्यक्रम मार्फत समृद्ध र विकासशील त्रिवेणी निर्माण गर्ने पथमा हिँडाउने महत्वपूर्ण भूमिका खेल्न पाउँदा मैले व्यक्तिगत रुपमा गर्वको महशुस गरेको छु । तर, संघ तथा प्रदेश सरकारको सिमित अनुदान र स्थानीय राजस्वमा वृद्धि हुन नसकेका कारण सेवा प्रवाह, सुशासन र विकासको गतिमा प्रतिकुलता सिर्जना हुनुका साथै जनताको माग सम्बोधन गर्न कठिन भएको तितो अनुभव हामीसँग छ भने अर्कोतर्फ उपलब्ध स्रोत साधनलाई स्थानीय आर्थिक विकास र मानव विकासको क्षेत्रमा केन्द्रीत गरी अर्थतन्त्रका सूचकहरुलाई चलायमान बनाई समृद्धिको आधार निर्माण र लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने पनि हाम्रो आफ्नै अनुभवले बताएको छ ।

यही अनुभवको जगमा उभिएर त्रिवेणी गाउँपालिकालाई आत्मनिर्भर, समाजवादोन्मुख र समृद्ध बनाउन यस सम्मानित सभाबाट पारित भएको नीति तथा कार्यक्रम, विद्वत समुदाय र जनस्तरबाट व्यक्त विचार तथा सभाका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई बजेट तर्जुमाको आधार बनाएको छु ।

**सभाका सदस्यज्यूहरु,**

अब म त्रिवेणी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट आम्दानी र खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष यस गाउँपालिकालाई जम्मा रु. ५८ करोड ८७ लाख ४ सय ६३ आम्दानी प्राप्त हुने प्रक्षेपण गरेको छु । उक्त आम्दानी देहायका विभिन्न शीर्षक तथा स्रोतबाट गाउँपालिकालाई प्राप्त हुने जानकारी गर्न चाहन्छु-

**क. आन्तरिक आम्दानी तर्फः**

आगामी आ.व. २०८२/०८३ मा त्रिवेणी गाउँपालिकालाई एकमुष्ठ रु. १ करोड २५ लाख आन्तरिक राजश्व प्राप्त हुने प्रक्षेपण गरेको छु । यसको लागि करका दायराहरुलाई फराकिलो बनाई आम्दानी बढाउने व्यवस्था गरेको छु ।

**ख. बैंक मौज्दात रकम तर्फः**

चालु आर्थिक वर्ष २०८१/०८२ मा चालु तथा पुँजीगत तर्फका विभिन्न शिर्षकमा खर्च हुन नसकी गाउँपालिकाको स्थानीय सञ्चित कोषमा रु. ४ करोड ७ लाख ८३ हजार ३ सय ७२ मौज्दात रहने प्रक्षेपण गरेको छु ।

**ग. वित्तीय समानीकरण अनुदान तर्फः**

वित्तीय समानीकरण अनुदान तर्फ संघीय सरकारबाट रु. १० करोड १६ लाख र प्रदेश सरकारबाट रु. ६६ लाख ९६ हजारको सिलिङ प्राप्त भएको छ । उक्त रकमबाट विभिन्न विषयगत क्षेत्र- आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत क्षमता विकासका लागि दिगा विकासको लक्ष्य कार्यान्वयन सम्बन्धी कार्यक्रमहरु, गाउँपालिकास्तरीय आयोजनाहरु तथा कार्यक्रमहरु र टोलबस्ती स्तरबाट संकलन गरी वडा समिति तथा विषयगत समितिहरुबाट पेश गरिएका प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

**घ. सशर्त अनुदान तर्फः**

संघीय सरकारबाट सशर्त अनुदान तर्फ रु. २७ करोड ७५ लाख प्राप्त भएको छ । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारमूलक कार्यक्रम, बहुक्षेत्रीय पोषण, लघु उद्यम विकास, कृषि तथा पशु विकास लगायतका विषयगत उप-क्षेत्र तर्फ तोकिएका कार्यक्रमहरु सञ्चालन हुनेछन् । साथै प्रदेश सशर्त अनुदान तर्फ रु. ९० लाखको सिलिङ प्राप्त भएको छ । उक्त बजेटबाट तोकिएको क्षेत्रका विभिन्न वटा आयोजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

**ङ. समपूरक अनुदान तर्फः**

संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. ८७ लाखको सिलिङ (बहुवर्षीय) प्राप्त भएको छ । जसबाट गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको जुगार निगालपानी सडक कालोपत्रेको कार्य विस्तार हुनेछ । साथै प्रदेश समपूरक अनुदान तर्फ रु. ७५ लाख रकमको सिलिङ प्राप्त भएको छ । जसबाट गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेका जगरबोट झिनुवाँ घर्तीगाउँ सडक कालोपत्रे विस्तार गरिनेछ ।

**च. विशेष अनुदान तर्फः**

संघीय सरकारबाट विशेष अनुदान तर्फ रु. ८५ लाखको सिलिङ प्राप्त भएको छ । जसबाट वडा नं. ४ को चक्रिमा १ घर १ धारा निर्माण योजना सञ्चालन हुनेछ । साथै प्रदेश सरकारबाट विशेष अनुदान तर्फ रु. २० लाख रकमको सिलिङ प्राप्त भएको छ । जसबाट बजिबाङ पोखरडाँडा छम्पा सुनारी र गैरिगाउँमा १ घर १ धारा विस्तार र पूर्ण सरसफाईयुक्त टोल घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

**छ. अन्य निकाय तथा संघसंस्था तर्फः**

डिप्रोक्स नेपाल तथा प्राक्टिकल एक्सनद्वारा यस गाउँपालिकामा सञ्चालित समुन्नती डिजिटल फाइनान्स परियोजनाको लागि रु. २९ लाख ४९ हजार ४ सय ६३ बजेट प्राप्त हुने प्रक्षेपण गरेको छु ।

यसरी प्रक्षेपण गरिएको उल्लिखित आम्दानी मध्ये वित्तीय समानीकरण, राजश्व बाँडफाँड र आन्तरिक आम्दानीबाट प्राप्त हुने रकम तथा बैंक मौज्दात बाँकी हुने रकमलाई चालु तथा पूँजीगत शीर्षक तर्फ विनियोजन गर्न जम्मा रु. २७ करोड २५ लाख ५१ हजार छुट्याएको छु ।

उक्त बजेट तथा कार्यक्रमले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा गरिमामय सभा समक्ष सादर अनुरोध गर्न चाहन्छु-

**क. प्रशासनिक खर्च तर्फः**

आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि गाउँ कार्यपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका अन्य निकायमा चालु शीर्षक अन्तर्गत तलब भत्ता, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ जम्मा रु. ८ करोड ६९ लाख ५५ हजार बजेट विनियोजन गरेको छु ।

**ख. क्षेत्रगत विकास तर्फः**

त्यसैगरी विषयगत क्षेत्रतर्फ जम्मा रु. १४ करोड ९६ लाख ९६ हजार बजेट विनियोजन गरेको छु । जसको विस्तृत विवरण तपसिल अनुसार रहेको छ-

| क.सं. | विषयगत क्षेत्र | विनियोजित बजेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | १ करोड ६५ लाख | |
| २ | सामाजिक विकास | ४ करोड ७० लाख ९६ हजार | |
| ३ | पूर्वाधार विकास | ८ करोड १७ लाख ५० हजार | |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | २६ लाख | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १७ लाख ५० हजार | |

**१. आर्थिक विकास तर्फः**

त्रिवेणी गाउँपालिकाको समग्र आर्थिक विकासको लागि उत्पादनमा आधारित अनुदान, कृषि तथा पशुपंक्षीपालन व्यवसायको आधुनिकीकरणतर्फ उपकरण अनुदान, औषधी खरिद, पकेट जोन विस्तार लगायतका कार्य गर्न कृषि विकास तर्फ एकमुष्ठ रु. ३५ लाख र पशु सेवा तर्फ रु. ४५ लाख विनियोजन गरेको छु जसबाट कृषि उत्पादनको बढोत्तरी हुनुको साथै गाउँपालिकालाई मासु र दुधमा आत्मनिर्भर हुन सघाउ पुग्ने अपेक्षा गरेको छु । त्यसैगरी उघु उद्यम कार्यक्रम (मेड्पा) तर्फ रु. ९ लाख र उद्यमशीलता विकास (टेवा) कार्यक्रम तर्फ एकमुष्ट रु. ५० लाख, उद्योग तथा वाणिज्य तर्फ रु. १५ लाख, पर्यटन प्रवर्द्धन तर्फ रु. ८ लाख र सहकारी तर्फ रु. ३ लाख विनियोजन गरेको छु । यसले स्थानीय स्तरमा उल्लेख्य रोजगारी सिर्जना हुनुका साथै स्थानीय आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु ।

**२. सामाजिक विकास तर्फः**

शिक्षण स्वयंसेवकको तलब व्यवस्थापन, प्राविधिक शिक्षा तथा विज्ञान विषय अध्ययन छात्रवृत्ति, बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा सहयोगीहरुको तलबभत्ता म्याचिङ तथा गाउँपालिकाको

समग्र शिक्षा, युवा तथा खेलकुद क्षेत्रको प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्न रु. २ करोड ७० लाख विनियोजन गरेको छु । स्वास्थ्य तथा बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु. ८५ लाख ४९ हजार, खानेपानी तथा सरसफाई तर्फ रु. ४७ लाख, महिला, बालबालिका तथा समाज कल्याण तर्फ लक्षित वर्गको उत्थानशील कार्यक्रम सञ्चालनका लागि रु. ३४ लाख ७५ हजार विनियोजन गरेको छु । सुरक्षित आप्रवासन (सामी) परियोजना मार्फत वित्तीय साक्षरता, सुरक्षित वैदेशिक रोजगारी, मनोसामाजिक परामर्श लगायतका कार्यक्रमहरु सञ्चालन गर्न रु. १२ लाख विनियोजन गरेको छु । त्यसैगरी रोजगारमूलक आयोजनाको लागि म्याचिङ गर्न रु. २१ लाख ७२ हजार विनियोजन गरेको छु ।

**३. पूर्वाधार विकास तर्फः**

कुनैपनि ठाउँको समग्र विकासको मेरुदण्ड भनेको पूर्वाधार विकास नै हो । पूर्वाधारको विकास नभई गाउँपालिकाको विकास हुँदैन भन्ने मान्यता अनुरुप पूर्वाधारको विकासको लागि बढी जोड दिइएको छ । जस अन्तर्गत गौरवको आयोजनाको रुपमा रहेका सडक तथा अन्य पूर्वाधारमा म्याचिङ गर्न रु. २ करोड ७७ लाख ५० हजार बजेट विनियोजन गरेको छु । जसमध्ये जगरबोट झिनुवाँ घर्तीगाउँ सडक कालोपत्रे तर्फ प्रदेश सरकारसँग म्याचिङको लागि रु. ५० लाख, जुगार निगालपानी सडक योजनाको मथुरापानी सिम्पानी खण्ड कालोपत्रे तर्फ संघीय सरकारसँग म्याचिङको लागि रु. ३७ लाख ५० हजार र स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP) म्याचिङ तर्फ रु. १ करोड रहेको छ । अन्य म्याचिङ तर्फ रु. ९० लाख विनियोजन गरेको छु । साथै उल्लिखित योजनाहरुमा संघ तथा प्रदेश सरकार र अन्य निकायबाट समेत लागत साझेदारी प्राप्त हुने जानकारी गराउदछु ।

त्यसैगरी महत्वपूर्ण सडक, कृषि सडक र पूर्वाधार मर्मत तर्फ २ करोड ५ लाख ५० हजार र पुल तथा कल्भर्ट तर्फ रु. १४ लाख ५० हजार बजेट विनियोजन गरेको छु । यसबाट आवागमन सहज हुनुका साथै उत्पादन, आयात र निर्यात प्रभावकारी भई स्थानीय आर्थिक विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु । त्यसैगरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु. २ करोड, अन्य भवन तथा आवास निर्माण तर्फ ६३ लाख र फुसको छानो विस्थापन कार्यक्रम तर्फ रु. १५ लाख रकम विनियोजन गरेको छु । त्रिवेणी उज्यालो कार्यक्रम तर्फ रु. ११ लाख बजेट विनियोजन गरी वडा नं. ५ लाई आगामी वर्ष उज्यालो वडा घोषणा गर्ने लक्ष्य राखेको छु । सिंचाई तर्फ रु. ३१ लाख बजेट विनियोजन गरेको छु जसबाट खेतियोग्य जमिनमा सिंचाई सुविधा विस्तार भई कृषि उत्पादनमा वृद्धि हुनेछ ।

**४. वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

विभिन्न समयमा विपद्बाट हुने क्षेती न्यूनीकरण तथा राहत र उद्धारको लागि प्रकोप व्यवस्थापन कोषमा एकमुष्ठ रुपमा रु. १० लाख विनियोजन गरको छु । बढ्दो वन अतिक्रमण, मानवीय तथा प्राकृतिक प्रकोपले हुने भू-क्षयलाई रोकी वन तथा भू-संरक्षण गर्नको लागि रु. १ लाख, जलाधार संरक्षण तथा रिचार्ज पोखरी निर्माण गर्नको लागि रु. ३ लाख ५० हजार, वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण गर्न रु. २ लाख ५० हजार, फोहोरमैला तथा ढल व्यवस्थापन गर्न रु. १५ हजार र जल उत्पन्न प्रकोप नियन्त्रण गर्न रु. २ लाख ३५ हजार बजेट विनियोजन गरेको छु । त्यसैगरी विपद् न्यूनीकरण प्रतिकार्य र राहत सामग्री खरिद तथा वितरणको लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु ।

**५. सुशासन तथा संस्थागत क्षमता विकास तर्फः**

गाउँपालिकाको कानून निर्माण तथा सुशासन प्रवर्द्धनको लागि रु. १ लाख ५० हजार विनियोजन गरेको छु । न्यायिक समितिको क्षमता अभिवृद्धि गरी न्याय सम्पादनलाई प्रभावकारी र गतिशिल बनाउन रु. २ लाख ५० हजार विनियोजन गरेको छु । सञ्चार तथा सञ्चार र सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्न रु. ३ लाख विनियोजन गरेको छु । गाउँ कार्यपालिकाका पदाधिकारी तथा विषयगत शाखा प्रमुखहरुको सहभागितामा उत्कृष्ट स्थानीय तह अवलोकन भ्रमण तथा सिकाई आदानप्रदान गर्नको लागि रु. ४ लाख विनियोजन गरेको छु । वित्तीय व्यवस्थापन, लेखा परीक्षण तथा सबैभन्दा बढि राजस्व सङ्कलन गर्ने वडा कार्यालय प्रोत्साहन तर्फ रु. २ लाख ५० हजार विनियोजन गरेको छु । त्यसैगरी विद्युतीय प्रणाली र सार्वजनिक सेवा प्रवाहका नयाँ आयामहरुको अनुसन्धान तथा विकास तर्फ रु. २ लाख र क्षमता विकास तालिम सञ्चालनको लागि रु. २ लाख विनियोजन गरेको छु । साथै प्रशासनिक खर्च तर्फ विनियोजित बजेटबाट समेत सुशासन तथा संस्थागत क्षमता विकास तर्फ आवश्यक कार्य गरी सेवा प्रवाह तथा सुशासनलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छु ।

**ग. वडास्तरीय योजना तथा कार्यक्रम तर्फः**

सहभागितामूलक योजना तर्जुमा कार्यलाई प्रभावकारी बनाउन तथा विभिन्न टोलबस्तीबाट प्राप्त मागमा आधारित योजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि वडास्तरीय आयोजना तथा कार्यक्रम तर्फ एकमुष्ठ रु. ३ करोड ५९ लाख विनियोजन गरेको छु । जुन गत आर्थिक वर्षको भन्दा रु. ११ लाख रकमले बढी रहेको छ ।

वडागत बजेट सिलिङको विवरण देहायानुसार रहेको छ-

| क्र.स. | वडाको विवरण | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | ४३५९००० | |
| २ | वडा नं. २ | ६६५३००० | |
| ३ | वडा नं. ३ | ३९२३००० | |
| ४ | वडा नं. ४ | ५१६५००० | |
| ५ | वडा नं. ५ | ४५४१००० | |
| ६ | वडा नं. ६ | ४४७०००० | |
| ७ | वडा नं. ७ | ६७८९००० | |

**घ. अन्य निकाय तथा संघसंस्था तर्फः**

डिप्रोक्स नेपाल र प्राक्टिकल एक्सनद्वारा सञ्चालित समुन्नती डिजिटल फाइनान्स परियोजना मार्फत वित्तीय साक्षरता, आयआर्जन, लैङ्गिक सशक्तिकरण लगायतका क्रियाकलापहरु सञ्चालन गर्न रु. २९ लाख ४९ हजार ४ सय ६३ बजेट स्वीकृत गरिएको जानकारी गराउँदछु ।

यसरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को जम्मा खर्च रु. ५८ करोड ८७ लाख ४ सय ६३ हुने प्रक्षेपण गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

माथि विनियोजित बजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत समितिबाट परिष्कृत तथा एकीकृत हुँदै प्राथमिकतामा परेका योजना तथा कार्यक्रमहरुलाई यहाँहरु सबैको रचनात्मक सुझावलाई समेत लिई डिजाईन इस्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा कार्यपालिकाको पूर्ण बैठकबाट आवश्यक निर्णय गरी पारदर्शी ढङ्गले सबै वडाका टोलबस्तीमा सन्तुलित रुपमा कार्यान्वयनको व्यवस्था गर्नेछु । प्रस्तावित कार्यक्रमहरुले गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याई जनतालाई स्थानीय सरकारको सुखानुभूति दिन सहयोग पुऱ्याउने र समृद्धिको दीर्घकालिन लक्ष्य हाँसिल गर्न कोषेढुङ्गा सावित हुने विश्वास समेत लिएको छु ।

अन्त्यमा, यस कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा रचनात्मक सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पूर्ण विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा समितिका सदस्यज्यूहरु, विषयगत शाखा तथा इकाईका कर्मचारीहरु, बौद्धिक वर्ग तथा सम्पूर्ण त्रिवेणीबासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै अपनत्व सहित यसको कार्यान्वयनमा समेत रचनात्मक सहयोगको अपेक्षा राखेको छु । साथै बजेट तथा कार्यक्रमको विस्तृत विवरण चाँडै बजेट पुस्तिकामा प्रकाशित गर्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

**धन्यवाद ।**

**लेखमणी डाँगी**
**उपाध्यक्ष, त्रिवेणी गाउँपालिका**

**मितिः २०८२/०३/१० गते, मङ्गलबार ।**